नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
वेब : www.nepalbarassociation.org.np

प.सं.

नेपाल संवत् ११४७ मिति: २०८३ मङ्सिर १० गते

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सचिव
अधिवक्ता दमन बहादुर चन्द

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता बाबुराम अर्याल
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

प्रेस विज्ञप्ति

मिति २०८३ मङसिर ९ गतेका दिन काठमाडौ जिल्ला, काठमाडौं महानगरपालिका वडा नम्बर २९ कालिकास्थानस्थित जन चेतना ल फर्ममा कानूनी परामर्शका लागी सेवाग्राही कानून व्यवसायीको कार्यालयमा रहेकै अवस्थामा नेपाल प्रहरी प्रवेश गरी कानूनी परामर्शमा रहेका सेवाग्राहिलाइ कानून व्यवसायीको कार्यालयबाट नियन्त्रणमा लिएको विषयमा नेपाल बार एशोसिएशनको गम्भिर ध्यानाकर्षण भएको छ ।

कानूनी परामर्श तथा छलफल भइरहेको अवस्थामा सेवाग्राहीको महत्त्वपूर्ण कागजातहरू अभिलेख रहने ल फर्मजस्तो संवेदनशील स्थानमा कानूनबमोजिम फर्मभित्र प्रवेश गर्ने अनुमति नलिई आफू सिभिल प्रहरी भएको परिचय दिँदै केही व्यक्तिहरू फर्ममा प्रवेश गरी फर्ममा आबद्ध कानून व्यवसायीहरूसँग अमर्यादित एवम् असभ्य व्यवहार गरेको गैर कानूनी कार्यको नेपाल बार एशोसिएशन विरोध गर्दछ ।

सेवाग्राहीले कानून व्यवसायीसँग कानूनी परामर्श लिन पाउने संवैधानिक एवम् कानूनी हक अधिकार उपर हस्तक्षेप हुने गरी प्रहरी कर्मचारीहरु ल फर्म भित्र अनधिकृत रुपमा प्रवेश गर्ने कार्यले कानूनी शासन र कानून व्यवसायीका पेसागत गोप्यता एवम् मर्यादामाथि समेत गम्भीर आघात पुर्याएका हुँदा सो गैरकानूनी एवम् अमर्यादित कार्यमा संलग्न दोषीलाइ यथाशीघ्र आवश्यक कारवाही गरी अब उप्रान्त यस्ता दुखद् घटना नदोहोरिन दिन सम्बद्ध निकायको ध्यानाकर्षण समेत गराउँदछौ ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव